# गेरुवा गाउँपालिका उपाध्यक्ष

## हिमा कुमारी थारुले

## गेरुवा गाउँपालिकाको

## १० औं गाउँसभामा प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८।७९ को

# बजेट वक्तव्य

गेरुवा गाउँपालिका

गेरुवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पशुपतिनगर, वर्दिया
२०७८।०३।१० (विहिबार)

**गाउँसभाका आदरणीय सभाध्यक्ष ज्यू,**

**आदरणीय सभाका सदस्य ज्यूहरू,**

१. कोरोना भाइरसको संक्रमण बाट फैलिएको कोभिड-१९ रोग बाट सिर्जित प्रतिकुल परिस्थितिमा यस गरिमामय सभामा आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । गेरूवा गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने अवसरका लागि गाउँपालिका अध्यक्षज्यू प्रति आभार प्रकट गर्न चाहन्छु ।

२. आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गरिरहँदा सर्वप्रथम देश र जनताको निमित्त जीवनको आहुती दिन सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरू प्रति श्रद्धासुमन अर्पण गर्दै शहिद परिवार, बेपत्ता नागरिक तथा घाइते योद्धाहरूप्रति हार्दिक सम्मान गर्दै गेरूवा गाँउपालीकाको समग्र विकास निर्माण तथा समाजको रूपान्तरण गर्न अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. कोभिड-१९ को कारणले गर्नुपरेको बन्दाबन्दी, सामाजिक दुरी कायम गर्नुपर्ने बाध्यात्मक अवस्था लगायतका प्रतिकूलताका बीच धैर्यताका साथ कोरोना भाइरस नियन्त्रण र उपचार अभियानमा साथ दिनु भएकोमा गाउँपालिकाको तर्फबाट म गाउँबासी सम्पूर्ण आमा-बाबु, दाजुभाई-दिदिबहिनीहरूमा हार्दिक आभार प्रकट गर्दछु । कोभिड-१९ नियन्त्रण तथा उपचारमा अहोरात्र खट्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि एंव सम्पूर्ण राष्टसेवक कर्मचारी, पत्रकार, पेशा व्यवसायी लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

४. **समृद्द गेरूवा गाउँपालिका निर्माणको आधार कृषि, पर्यटन र पूर्वाधार** को दिर्घकालिन सोच हासिल गर्न यस गेरुवा गाँउपालीका परिवार अहोरात्र खटिरहेको समयमा विश्वव्यापी रूपमा फैलिन गएको कोभिड-१९ महामारीले हाम्रो मार्ग अबरूद्ध भयो। हामीले यो महामारीबाट गाउँपालिका बासी आमा बुवा, दिदिबहिनी तथा दाजुभाइको जीवन रक्षा गर्नुलाई नै आफ्नो पहिलो कर्तव्य ठान्यौं । महामारी बिरूद्धको अभियानमा उपलब्ध सबै साधन स्रोतको यथोचित परचालन गर्दै महामारी नियन्त्रणका लागी यथासम्भव प्रयास गरिरहेका छौं ।

५. बन्दाबन्दीका कारण समग्र नेपालको र यस गाउँपालिकाका जनताको आयको मुख्य स्रोतको रूपमा रहेको विप्रेषण, कृषि, लगायत विकास निर्माणमा प्रत्यक्ष असर पुग्न गइ यस गाँउपालिकाको समग्र विकासमा नकारात्मक असर पर्न गएको छ । यस विषम परिस्थितीबाट गाँउपालिकालाई जोगाउन आवश्यक सतर्कताका साथ आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषी तथा पशुजन्य उत्पादनमा जोड दिने प्रयासमा हामी छौं ।



गेरूवा गाउँपालिका

६. नेपाल सरकार र प्रदेश सरकारको नीति र बजेटसँग तादात्म्यता मिलाउँदै, कोभिड १९ को नियन्त्रण गरी अधुरा योजना निर्माण सम्पन्न गर्न तर्फ बजेट र कार्यक्रम केन्द्रित गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यू हरू**

अब म कोभिड-१९ नियन्त्रण र उपचारको सम्बन्धमा गेरूवा गाउँपालिकाले अहिलेसम्म गरेका प्रयासको बारेमा संक्षिप्तमा चर्चा गर्न चाहन्छु ।

७. नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरे सँगै गेरूवा गाउँपालिकाले त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दियो । विश्व स्वास्थ्य संगठनको प्रोटोकल र नेपाल सरकार स्वास्थ्य मन्त्रालयको गाइडलाइन लाई गेरूवा गाउँपालिकामा रचनात्मक रूपमा कार्यान्वयनमा ल्याइएको छ । गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समितिको नियमित बैठक बसी संस्थागत रूपमा समन्वय र सहजीकरण गर्ने गरिएको छ । संघ, प्रदेश सँग सहकार्य र समन्वय गरी चुनौतीहरूलाई समाधान गर्दै अघि बढ्ने काम भएको छ ।

८. कोभिड-१९ संक्रमित व्यक्तिहरूको उपचारको लागि स्थापित गेरूवा कोभिड अस्थायी अस्पताल लाई कोभिड उपचारको लागि संचालनमा ल्याईएको छ । स्थानीय स्वास्थ्यकर्मीहरू लाइ परिचालन गरी एन्टीजिन को परिक्षण गाउँपालिकामै र पि.सी.आर. को लागि स्वाव संकलन गरी भेरी अस्पताल नेपालगन्जमा पठाईने व्यवस्था मिलाईएको छ ।साथै कोभिड-१९ संक्रमितहरूलाइ घरबाटै गेरूवा कोभिड अस्थायी अस्पताल र रिफर गरे पश्चात भेरी अस्पताल, नेपालगन्ज निशुल्क रूपमा एम्बुलेन्स मार्फत ल्याउने/पुर्याउने व्यवस्था गरिएको छ ।

९. गेरूवा गाउँपालिकाले स्थानीय प्रकोप व्यवस्थापन कोषलाई **कोभिड-१९ नियन्त्रण तथा उपचार कोषको** रूपमा प्रयोगमा ल्याइएको छ । सर्वसाधारण नागरिक र विभिन्न संघसंस्थाहरू बाट सहयोग प्राप्त हुने क्रम जारी छ । कोषमा प्राप्त सहयोग रकम समेत गरी **रू. १ करोड ५० लाख** संकलन भएको छ । कोषमा योगदान गर्ने सबैलाई धन्यवाद दिंदै थप सहयोगका लागि आह्वान गर्न चाहन्छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म गेरूवा गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

१०. कोभिड-१९ को माहामारीका कारण उत्पन्न आर्थिक संकटको कारणले चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्रको आकार घट्न गइ राजश्व बाँडफाँडबाट गेरुवा गाउँपालिकालाइ प्राप्त हुनुपर्ने रु ८ करोड २५



गेरूवा गाउँपालिका

लाख रकम मध्य हालसम्म जम्मा ६ करोड २ लाख प्राप्त भएको छ । संघीय सरकारबाट समानीकरण अनुदान बापत ११ करोड ७८ लाख, सशर्त अनुदान-चालु तर्फ रू. २० करोड ४ लाख, विशेष अनुदान तर्फ रू.३ करोड ८ लाख, समपुरक अनुदान तर्फ रू. १ करोड ४४ लाख गरी जम्मा ३६ करोड ३४ लाख प्राप्त भएको छ ।

११. त्यसैगरी, प्रदेश सरकारबाट सशर्त आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि रू. १ करोड ४८ लाख, समपूरक अनुदान तर्फ रू.१ करोड १२ लाख, समानिकरण अनुदान रू. ५२ लाख र विशेष अनुदान तर्फ रू. ६० लाख गरी जम्मा रू. ३ करोड ५३ लाख प्राप्त भएको छ ।

१२. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म गेरूवा गाउँपालिकाको कूल खर्च विनियोजित बजेटको ७५% रहेको छ । जसमध्ये ८०% चालु खर्च र पुँजीगत खर्च ७०% रहेको छ ।

१३. चालु आर्थिक वर्षको जेठ महिनासम्ममा गेरूवा गाउँपालिकाको संचित कोषमा दाखिला भएको रकम रु ५२ करोड ३२ लाख दाखिला भएको छ ।

**आदरणीय सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरू**

अब म यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०७८/७९ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

**१४. प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।**

क) स्वास्थ्य क्षेत्रका पूर्वाधार, गाउँ कार्यपालिका तथा वडा कार्यालयको भवन, मुख्य सडक तथा कल्भर्टहरु निर्माण सम्पन्न गर्ने ।

ख) कोभिड-१९ रोगको संक्रमणबाट जोगिन र गाउँपालिकामा हुन सक्ने जोखिम कम गर्न आवश्यक प्रयास गर्दै स्वास्थ्य संस्थाहरू तथा सेवा प्रवाहलाइ व्यवस्थित बनाउने ।

ग) उत्पादनका लागि किसानलाइ थप उत्प्रेरित गर्दै गाउँपालिका लाई आत्मनिर्भर बनाउने ।

घ) कोभिड—१९ का कारण ढिलाइ हुन पुगेका योजनाहरू यथाशिघ्र सम्पन्न गर्ने

**१५. यस बजेटका प्राथमिकताहरू देहाय बमोजिम रहेका छन् ।**

क) स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बृद्धि गर्ने । शिक्षा लगायत सामाजिक क्षेत्रको विस्तार र विकास गर्ने ।

ख) कोभिड-१९ रोगको संक्रमणबाट जोगिन स्वास्थ्य संस्थाहरू लाई व्यवस्थित बनाउने ।



गेरूवा गाउँपालिका

ग) कृषि तथा पशु क्षेत्रमा उत्पादनका साधनमा सरल पहुँच र नविनतम प्रविधिको उपयोग बढाउँदै गाउँपालिकालाइ कृषिमा आत्मनिर्भर बनाउने ।

घ) आर्थिक-सामाजिक क्षेत्रको समग्र विकासमा टेवा पुग्नेगरी दिगो पूर्वाधार विकासमा जोड दिने ।

ङ) सूचना प्रविधिको विकास र उपयोगमा जोड दिने ।

च) बजेट तथा कार्यक्रम कार्यान्वयनमा क्षमता अभिवृद्धि

**आदरणीय सभा अध्यक्ष ज्यू,**

**गरिमामय सभाका सदस्यज्यूहरू**

**अव म गेरूवा गाउँपालिकाको आ.व. २०७८/७९ तर्फको आय तर्फको अनुमान प्रस्ताव प्रस्तुत गर्दछु ।**

१६. आगामी आर्थिक वर्षका लागि संघीय सरकार बाट अनुदान तर्फ रू. ३५ करोड २० लाख बराबरको प्रतिबद्धता प्राप्त भएको छ। गेरूवा गाउँपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखिएको दक्षताका कारण अनुदानको मात्रा बढेको छ ।

१७. संघीय सरकारका विभिन्न निकायहरू बाट समपुरक कोष तथा सशर्त कार्यक्रम अन्तर्गत थप रू. १ करोड २५ लाख ४६ हजार प्राप्त हुने अनुमान गरेको छु ।

१८. सामाजिक सुरक्षा कार्यक्रमको लागि रू. ७ करोड २३ लाख ५६ हजार रकम प्राप्त हुने अनुमान गरेको छु ।

१९. लुम्बिनी प्रदेश सरकार बाट आ.व. २०७८/७९ का लागि अनुदान तर्फ रू. ३ करोड ५४ लाख ५९ हजार बराबरको अनुदान प्राप्त हुनेछ ।

२०. संघीय र प्रदेश सरकार बाट राजश्व बाँडफाँड अन्तर्गत रू. ८ करोड ५४ लाख ६१ हजारको आय अनुमान गरको छु ।

२१. गेरूवा गाउँपालिकाको आन्तरिक स्रोत तथा बैंक मौज्दात तर्फ रू. ६ करोड ५० लाख ७५ हजार रहने अनुमान गरेको छु ।

२२. यसरी गेरूवा गाउँपालिकाको आ.व. २०७८/७९ को लागि कुल आय रू. ६२ करोड २६ लाख ९७ हजार रहने अनुमान गरेको छु ।



गेरूवा गाउँपालिका

**आदरणीय सभाध्यक्ष**

**अव म गेरूवा गाउँपालिकाको आ.व २०७८/७९ को व्यय तर्फको अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

**क. गाउँपालिका तर्फ**

२३. गेरूवा गाउँपालिकाको कार्यालय संचालन लगायतका लागि चालु तर्फ रू. ६ करोड ३५ लाख २५ हजार विनियोजन गरेको छु ।

२४. गाउँपालिकाको विभिन्न मेशीनरी, फर्नीचर तथा फिक्चर्स व्यवस्थापनका लागि पुँजीगत तर्फ रू. ४० लाख विनियोजन गरेको छु ।

२५. संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकाय सँग साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न समपुरक कोषमा रू. ४ करोड रहेने व्यवस्था गरेको छु ।

२६. गेरूवा गाउँपालिकामा कोभिड—१९ को कारण चालु आवमा सम्पन्न हुन नसेकेका योजनाहरू यथाशिघ्र सम्पन्न गर्नको लागि क्रमागत योजना तर्फ रू. ३ करोड ७८ लाख ५० हजार विनियोजन गरेको छु ।

**ख. विषयगत क्षेत्र तर्फ**

२७. गेरूवा गाउँपालिकाको सामाजिक विकास क्षेत्र भित्र पर्ने स्वास्थ्य, शिक्षा, सरसफाइ, खानेपानी लगायतका क्षेत्रको लागि सशर्त अनुदान बाहेक थप रू. ३ करोड ४७ लाख ७५ हजार रकम विनियोजन गरेको छु ।

२८. आर्थिक विकास क्षेत्र भित्र पर्ने कृषि विकास, पशु सेवा लगायत तर्फ सशर्त अनदान बाहेक थप रू. ४५ लाख १ हजार विनियोजन गरेको छु।

२९. कोभिड-१९ को नियन्त्रण, रोकथाम, विपद व्यवस्थापनको लागि वातावरण तथा विपद व्यवस्थापन तर्फ रू. १ करोड ५० लाख विनियोजन गरेको छु ।

३०. गेरूवा गाउँपालिकाको विविध पूर्वाधार विकास कार्यका लागि रू. २३ लाख १० हजार विनियोजन गरेको छु ।

३१. गेरूवा गाउँपालिकाको न्यायिक समिति तर्फ विभिन्न कार्यक्रमहरू संचालनको लागि रू. १० लाख विनियोजन गरेको छु ।

**ग. वडा तर्फ क्रमागत**

३२. गेरूवा गाउँपालिकाको वडाहरू लागि सडक पूर्वाधारहरू अन्तर्गत सडक कालोपत्रे, सडक स्तरोन्नती कार्यको लागि रू ४ करोड ९० लाख रकम विनियोजन गरेको छु ।



गेरूवा गाउँपालिका

**घ. गाउँपालिका तर्फ नयाँ**

३३. गेरूवा गाउँपालिका बाट विविध कार्यक्रमहरू संचालनको लागि रू. ६७ लाख ९० हजार रकम विनियोजन गरेको छु ।

**ङ. वडा तर्फ नयाँ**

३४. गेरूवा गाउँपालिकाको वडाहरू लागि विभिन्न कार्यक्रमहरू संचालनका लागि रू २ करोड ३० लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**अब म क्षेत्रगत रूपमा प्रस्तावित कार्यक्रम एंव विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**क. सामाजिक विकास क्षेत्र तर्फ**

**स्वास्थ्य सेवा**

**३५.** गेरूवा गाउँपालिकाको वडा नं. ६ मा निर्माणाधीन गेरूवा अस्पतालको यथाशिघ्र सम्पन्न गर्ने कार्यलाइ विशेष महत्व दिएको छु ।
३६. गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न स्वास्थ्य चौकीहरू तथा गाउँघर क्लिनिकहरुमा औजार उपकरण फर्निचर व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा सुनिश्चितता गर्न थप रु ५ लाख विनियोजन गरेको छु ।

३७. क्यान्सर रोग लगायतका अन्य दिर्घरोगको उपचारका लागि व्यक्ति तथा परिवारले भोग्नु परेको पीडालाइ मध्यनजर गरी आर्थिक सहायता कार्यविधि बमोजिम आर्थिक सहयोग प्रदान गरिनेछ ।

३८. खोप कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन कार्यक्रम, क्षयरोग, कुष्ठरोग, कालाजार नियन्त्रण आदी कार्यक्रमको लागि शसर्त अनुदान बाहेक थप रु १ लाख २८ हजार विनियोजन गरेको छु

३९. महिला स्वास्थ्य स्वयंसेविकाको मासिक बैठक, आमा समुह बैठक, खोप क्लिनिक, गाँउघर क्लिनिकमा सहयोग गरे वापत यातायात खर्च रु ११ लाख विनियोजन गरेको छु ।

४०. स्वास्थ्य सँस्था बाट वितरण गरिने निशुल्क औषधिहरूको अभाव हुन नदिन सशर्त अनुदान मार्फत प्राप्त रकम रू. १३ लाख ५० हजारमा गाँउपालीका बाट रु १० लाख थप गरी जम्मा २३ लाख ५० हजार विनियोजन गरेको छु ।

**शिक्षा तथा खेलकुद**



गेरुवा गाउँपालिका

४१. खेलकुद कार्यक्रमहरू संचालन तथा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालन र ब्यवस्थापनका लागी रु १९ लाख विनियोजन गरेको छ ।

४२. स्थानीय दरबन्दीमा कार्यरत रहेका शिक्षकहरुलाई तलब तथा पोशाक भत्ता बापत साविकमा दिदैं आएको सरह रु १ करोड २५ लाख विनियोजन गरेको छ ।

४३. बालबालिका सहजकर्ता र कर्मचारीहरूलाइ तलब भत्ता बापत रु ८१ लाख विनियोजन गरेको छ ।

४४. विधालयमा सार्वजनिक सँरचना निर्माण तथा मर्मत सम्भार कार्यका लागी थप रु १० लाख विनियोजन गरेको छ ।

४५. बन्जरिया नमुना शिशु स्याहार केन्द्र सञ्चालन र व्यवस्थापनको लागि रू. ५ लाख विनियोजन गरेको छ ।

४६. पाठ्यपुस्तक तथा पाठ्यसामाग्री वितरण कार्यको लागि रू. १४ लाख विनियोजन गरेको छ ।

४७. गाउँपालिकाले प्रस्ताव गरे बमोजिम नेपाल सरकारको विशेष अनुदान अनुरूप प्राप्त रू. ६६ लाख बाट प्राविधिक शिक्षालय निर्माणका लागि पशुपति मावि पशुपतिनगरको भवन निर्माण गरिनेछ ।

**सामाजिक विकास अन्य तर्फ**

४८. गाँउपालीकामा खानेपानी सरसफाई तथा फोंहोर मैला व्यवस्थापन गर्दै पूर्ण सरसफाइ गाउँपालिका अभियानका लागी रु ४ लाख विनियोजन गरेको छ ।

४९. गाई उद्दार केन्द्र-गौशालाको व्यवस्थापन तथा सञ्चालनका लागि रु १० लाख विनियोजन गरेको छ ।

४०. नेपाल सरकार र गेरूवा गाउँपालिका बीच भएका सम्झौता बमोजिम भूमि व्यवस्थापन कार्यको लागि रू. ३ लाख विनियोजन गरेको छ ।

**ख. आर्थिक विकास क्षेत्र तर्फ**

**कृषि**

५१. एक वडा एक कृषि फर्म, प्लाक्षेस्टिक टनेल र थोपा सिंचाई कार्यक्रम, बाली उपचार शिविर सञ्चालन कार्यक्रम, माटो परिक्षण शिविर सञ्चालन र ढैचा बिउ वितरणका लागी रु १४ लाख २५ हजार विनियोजन गरेको छ ।

गेरुवा गाउँपालिका

५२. आइ.पि.एम. कृषक पाठशाला सञ्चालन, जैविक विषादी तथा कम्पोष्ट मल निर्माण तालिम, बिउ उत्पादनका लागी सशर्त रकम रू. १८ लाखमा थप रु ७ लाख ५० हजार गरी जम्मा २५ लाख ५० हजार विनियोजन गरेको छु ।

५३. व्यवसायिक फलफुल खेती कार्यक्रम, बेसार खेती कार्यक्रमका लागि रू ४ लाख विनियोजन गरेको छु ।

## २. पशु विकास

५४. अति आवश्यकीय पशु स्वास्थ्य सेवा अन्तर्गत औषधी खरिद, पोषण सुधार, परिजिवी नियन्त्रण कार्यको लागि रू. १२ लाख ६० हजार विनियोजन गरेको छु ।

५५. एकल महिला, असहाय विपन्न परिवारको सदस्यलाइ उन्नत जातको चल्ला वितरण, बर्खे घाँस अनुदान, गोबर परीक्षण, हिउँदे बर्षिम अनुदान, जुनेसिस रोग शिक्षा कार्यक्रमको लागि रू ५ लाख ६५ हजार विनियोजन गरेको छु ।

## ग. वातावरण तथा विपद व्यवस्थापन

५६. कोभिड १९ को नियन्त्रण तथा- उपचार, विपद् व्यवस्थापन, विपद आर्थिक सहायता को लागि स्रोतको अभाव हुन नदिन प्रकोप व्यवस्थापन कोषमा रू. १ करोड ५० लाख रहने प्रवन्ध गरेको छु ।

## पुर्वाधार विकास

५७. नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त हुने समपुरक अनुदानका कार्यक्रम लाई कार्यान्वयन गर्न रु ४ करोड विनियोजन गरेको छु ।

५८. नेपाल सरकारबाट जनकनगर देखी कानपुर सडक कालोपत्रे योजनाको थप विस्तारका लागि समपुरक अनुदान तर्फ प्राप्त रु १ करोड ५२ लाख मा गाउँपालिका बाट व्यहोर्ने रकम रू. १ करोड ५२ लाख समेत गरी कुल ३ करोड ४ लाख बाट आ व ०७८।७९ योजना सञ्चालन गरिनेछ ।

५९. गेरूवा गाउँपालिका बाट पहल गरी संघीय सरकार र गाउँपालिकाले साझेदारी निर्माण हुने शहीद स्मृति पार्कको निर्माणको लागि रू. ५० लाख विनियोजन गरेको छु। उक्त योजनाको लागि संघीय सरकार बाट समेत बजेटको व्यवस्था हुनेछ ।

६०. लुम्बिनी प्रदेश सरकारबाट पाताभार-बालुवाटार-शान्तिबजार सडक कालोपत्रे योजनाको निर्माणका लागि समपुरक अनुदान तर्फ प्राप्त रु १ करोड ५० लाख मा गाउँपालिका बाट व्यहोर्ने रकम रू. १ करोड ५० लाख समेत गरी कुल ३ करोड बाट आ व ०७८।७९ योजना सञ्चालन गरिनेछ ।



गेरुवा गाउँपालिका

६१. नेपाल सरकार र गेरूवा गाउँपालिकाको साझेदारीमा तराइ-मधेश सम्बृद्धि कार्यक्रम्र वडा नं. ३ र ४ मा सञ्चालन गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु।

६२. गेरूवा गाउँपालिकाले अन्य विकास साझेदार निकायहरू संग सहकार्यमा कार्यक्रम तथा योजनाहरू संचालन गर्ने कार्यका लागि रू ४२ लाखको व्यवस्था गरेको छु।

६३. बन्यजन्तुको निरन्तर आक्रमण बाट गेरूवा गाउँपालिकामा भइरहेको मानवीय, आर्थिक, सामाजिक क्षती लाइ न्यूनीकरण गर्न गेरूवा गाउँपालिकाको राष्ट्रिय निकुञ्ज तथा बन क्षेत्र संगको करिव ३६ किमी सीमामा मेस वायर निर्माणको लागि रू. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

६४. गेरूवा गाउँपालिकाको प्रशासकीय भवन निर्माण र वडा नं. ४ को वडा कार्यकलयको भवन निर्माण सम्पन्न गरी संचालनमा ल्याउनको लागि रू. १ करोड ६५ लाख व्यवस्था गरेको छु ।

६५. कोभिड-१९ का कारण चालु आ.व.मा निर्माण सम्पन्न हुन नसकेका योजनाहरूको लागि रू. ६१ लाख ५० हजार विनियोजन गरेको छु ।

**न्यायिक समिति**

६६. न्यायिक समितिलाइ व्यवस्थित बनाई स्वत स्फुर्त न्यायीक निरुपणका कार्य गर्न क्षमता विकास तथा अन्य व्यवस्थापनका लागी रु १० लाख विनियोजन गरेको छु ।

**गाउँपालीकाको सञ्चालन तथा सुदृढीकरण**

६७. सूचना प्रविधिको प्रयोगद्वारा गाउँपालीकाका गतिविधिलाई नागरिक सम्म पुर्याउने, नागरिकले सजिलैसंग आफ्ना सुझाब दिन पाउने र गतिविधिको भरपर्दो अभिलेखिकरण गर्न सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालनका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

६८. गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धी गर्नका लागी रु १० लाख बजेट विनियोजन गरेको छु ।

**आदरणीय समाध्यक्ष महोदय,**

६९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत शसर्त अनुदानको रुपमा गाँउपालिकामा प्राप्त हुने रु ६७ लाख २२ हजार लाई रोजगारी सिर्जना गरि कार्यक्रममा खर्च गरिनेछ ।

७०. मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम तर्फ प्रदेश सरकार बाट प्राप्त रू. ६० लाख लाई कृषक, विपन्न बर्ग, असहायहरूको क्षमता विकास तथा स्तरोन्नतीका लागि प्रयोगमा ल्याइनेछ ।



गेरुवा गाउँपालिका

७१. नेपाल सरकारबाट ज्येष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने रु ७ करोड २३ लाख ५६ हजार सम्बन्धित लाभग्राहीहरु लाई बैंकीङ्ग प्रणाली मार्फत वितरण गरिनेछ ।

७२. नमुना विधालय एकप्रिय माविमा ल्याव व्यवस्थापन तथा क्रमागत भवनको निर्माण कार्यलाइ सम्पन्न गर्ने कार्यको लागि सशर्त अनुदान तर्फ प्राप्त रकम रू. १ करोड ५० लाख मार्फत कार्यक्रम संचालन गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**गरिमामय सभाका सदस्यज्यूहरू**

७३. आ.व. २०७८/७९ को कुल व्यय तर्फ मध्ये संघीय सशर्त अनुदान तर्फ रू. २२ करोड ६७ लाख, अन्य संघीय निकाय तर्फ अनुदान रू. १ करोड २५ लाख ४६ हजार, सामाजिक सुरक्षा कार्यक्रम तर्फ ७ करोड २३ लाख ५६ हजार र लुम्बिनी प्रदेश सरकार बाट सशर्त अनदान रू. २ करोड ९५ लाख ४४ हजार , गाउँपालिका तर्फ रू. १४ करोड ५३ लाख ७५ हजार, वडा तर्फ रू ७ करोड २० लाख र विषयगत क्षेत्र तर्फ रू. ५ करोड ७५ लाख ८६ हजार गरी **कुल रू. ६२ करोड २८ लाख ९७ हजार** बराबरको व्ययको अनुमान गरेको छु ।

७४. कोभिड-१९ बाट निधन हुनु भएका गेरूवावासीहरूका परिवारलाई काज क्रिया खर्चको लागि प्रति परिवार रू. २५ हजारको व्यवस्था गरेको छु ।

७५.अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने आदरणीय समाध्यक्ष, सम्पुर्ण वडाध्यक्ष, कार्यापालिका सदस्य, गाउँ सभा सदस्य, एंव सम्पूर्ण राष्टसेवक कर्मचारी, पत्रकार, पेशा व्यवसायी लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यस्तै बजेट तर्जुमा गर्दा सुझाव दिनुहुने निजी क्षेत्र , सहकारी क्षेत्र, नागरिक सामाज, राष्ट्रसेवक र सम्पुर्ण दिदीबहिनी तथा दाजुभाईहरू लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै यो बजेट कार्यान्वयनमा सबैको सहयोग रहने अपेक्षा गरेको छु ।

**धन्यवाद ।**



गेरुवा गाउँपालिका